अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री तिनतले सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. २ सितापुर, दाङ

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३।०२।०२**

श्री तिनतले सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं. २ सितापुर, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. ५ जौबारी, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौ) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु.) | |
| १ | | साल | गोलिया | A | १ | १७.७८ | १२५० | २२२२५ | २२८११२ |
| | | | | B | ८ | ५८.३२ | ९०० | ५२४८८ | |
| | | | | C | १३५ | ६५२.२८ | ६०० | ३९१३६८ | |
| | | | | D | ४१ | १९८.१७ | ३०० | ५९४५१ | |
| | | जम्मा | | | १८५ | ९२६.५५ | | ५२५५३२ | |
| | | असना | गोलिया | A | १ | १४.०६ | ४०० | ५६२४ | |
| | | | | B | १४ | ११८.४५ | ३०० | ३५५३५ | |
| | | | | C | ४५ | २०१.९६ | १०० | २०१९६ | |
| | | जम्मा | | | ६० | ३३४.४७ | | ६१३५५ | |
| | | जामुन | गोलिया | C | १ | ६.२७ | १०० | ६२७ | |
| | | जम्मा | | | १ | ६.२७ | | ६२७ | |
| | | काठ जम्मा | | | २४६ | १२६७.२९ | | ५८७५१४ | |
| | | साल | दाउरा | | | ६.५० | १२००० | ७८००० | ७८००० |
| | | दाउरा जम्मा | | | | ६.५० | | ७८००० | |
| नोटः संकलन खर्च काठको प्रति क्यू.फि. रु.१८०।- र दाउराको प्रति चट्टा रु.१२,०००।- | | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०२।२२ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३।०२।२३ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको शाईन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड, हापुरे शाखा, दाङमा रहेको खाता नं.

# श्री तिनतले सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ५ सितापुर, दाङ

०६३००१००३८१७२५००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस तिनतले सामुदायिक वन उपभोक्ता समूहको बबई गाउँपालिका वडा नं. ५ जौबारी, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।२३ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।